नगर कार्यपालिकाको
बैठक संख्या: ७५, २०७९-२०८४
मिति २०८३/०३/०८ को
निर्णय प्रमाणित ........

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ७५, २०७९-२०८४)

**मिति : २०८३ असार ८ गते**

**निर्णयहरु:**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाबारे समीक्षा गरियो। कार्यपालिकाबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित शाखा, वडा कार्यालय तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने ।

२. आगामी आर्थिक वर्ष २०८३/०८४ को नगरसभाको बिसौं अधिवेशनमा प्रस्तुत गरिने नीति तथा कार्यक्रममाथि छलफल गरी प्राप्त सुझावहरू समावेश गर्दै आवश्यक परिमार्जनसहित अन्तिम रूप दिई नगरसभामा पेश गर्ने ।

३. आर्थिक वर्ष २०८३/०८४ को राजस्व तथा व्यय अनुमानमाथि विस्तृत छलफल गरियो। शाखा/उपशाखा, विषयगत समिति तथा वडा कार्यालयहरूबाट प्राप्त बजेट, योजना तथा कार्यक्रमहरूलाई बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन एवं नेपाल सरकारको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण तथा व्याख्या, २०७४ बमोजिम आवश्यक संशोधन गरी वार्षिक आय– व्यय विवरणसहितको विनियोजन विधेयक, २०८३ अनुमोदन गरी नगरसभामा पेश गर्ने ।

४. राजस्व परामर्श समितिको मिति २०८३/०२/१८ गतेको बैठकबाट भएका निर्णयहरू अनुमोदन गर्दै प्रस्तावित करका दरहरू स्वीकृत गर्ने तथा प्राप्त सुझावहरू समेत समावेश गरी आर्थिक विधेयक, २०८३ अनुमोदन गरी नगरसभामा पेश गर्ने ।

५. आर्थिक वर्ष २०८३/०८४ का लागि वडा कार्यालय, शाखा/उपशाखा तथा विभिन्न विषयगत समितिहरूबाट प्राप्त बजेट, योजना तथा कार्यक्रमहरूमाथि थप छलफल गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट भएका निर्णयहरू संसोधन सहित अनुमोदन गर्ने ।

६. नगरसभाको बिसौं अधिवेशनअन्तर्गत मिति २०८३/०३/१० गते बस्ने पहिलो बैठकमा प्रस्तुत गरिने एजेण्डाहरूका विषयमा कार्यपालिका सदस्यहरूलाई जानकारी गराइयो। छलफलपश्चात् बैठकको कार्यसूचीलाई अन्तिम रूप दिने ।

७. आर्थिक वर्ष २०८२/०८३ को बजेट पुस्तिकाको पृष्ठ नं. १८१, सि.नं. ४५९ अन्तर्गत 'विभिन्न रोग पहिचान र निदानका लागि स्वास्थ्य शिविर शीर्षकमा विनियोजित बजेटबाट समुदायस्तरमा स्वास्थ्य शिविर सञ्चालन गरिएकोमा उक्त कार्यक्रमअन्तर्गत भएको खर्च रकम रु. ११,४६,४९६.४४ (अक्षरूपी: एघार लाख छयालिस हजार चार सय छयानब्बे रुपैयाँ चवालीस पैसा मात्र) सदर गर्ने ।

८. यस नगरपालिकाको भे.१झ ३२९ नं. को गाडी मिति २०८२/११/१४ गते कोहलपुर देखि नेपालगञ्ज तर्फ जाँदै गर्दा स्कुटरसँग ठोक्किई दुर्घटना भई क्षती पुगेको हुँदा सो को मर्मत कार्यका लागि बिमा दाबी गरेको रकम आउन ढिलाई भएकाले पछी सोधभर्ना हुने गरी हाल कार्यालयको सवारी साधन मर्मत खर्च शीर्षकबाट रु.२,७५,०६५।– भुक्तानी गर्ने ।

९. कोहलपुर नगरपालिका कृषि विकास शाखा अन्तर्गत कृषि यान्त्रिकिकरण कार्यक्रम तर्फ वडा नं. १५ को शान्ती महिला कृषक समूह, लौवस्तान कृषि बचत समूह र वडा नं. १० को नहर महिला कृषक समूहको प्रस्ताव तथा सम्झौता अनुसार १८ HP को पावरटिलरका लागि छनौट भएकामा बजारमा हाल १८ HP को



मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

पावरटिलर उपलब्ध नभएकाले २२ HP को छनौट गरिदिनुहुन भनी निवेदन पेश भएकोमा आर्थिक विकास समितिको २०८३/०२/२६ निर्णय समेतका आधारमा नीजहरुलाई २२ HP कै पावर टिलर खरिद गर्न साविकको अनुदान बमोजिम नै हुने गरी सहमती दिने ।

१०. कोहलपुर वाङ्मय सभाको मिति २०८२/१०/१० गतेको निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने ।

११. नेपाल तेक्वान्दो संघ जिल्ला कार्य समिति बाँकेलाई तेक्वान्दो खेलको विकासका लागि "तेक्वान्दो खेल विकासका लागि Gen 3 सेन्सर सेट खरिद" शीर्षकबाट खेलकुद सामाग्रीहरु खरिद गरी हस्तान्तरण गर्ने ।

१२. कोहलपुर नगरपालिकाको जनहितमा जारी सूचना, सन्देश तथा अन्य लोककल्याणकारी सामाग्रीहरु प्रसारण गरे वापत आर्थिक वर्ष २०८२/०८३ को बजेट पुस्तिकाको पृष्ठ नं. १३९, सि.नं. २३ लोककल्याणकारी विज्ञापन प्रवाह शीर्षकबाट हुने गरी नेपथ्य मिडिला प्रा.लि., कोहलपुर ११, बाँकेलाई रु.५०,०००।– उपलब्ध गराउने ।

१३. कोहलपुर नगरपालिकाको विभिन्न वडा कार्यालय(२,४,५ र १५ नं. वडा)हरु र माँ पद्मावती ग्रुप अफ कम्पनी प्रा.लि. बीचको सम्झौता बमोजिम २ नं. वडा कार्यालयको सि.नं. १४० को शुभकामना/विज्ञापन तथा सूचना संप्रेषण शीर्षकबाट रु.५,०००।-, ४ नं. वडा कार्यालयको सि.नं. १७३ को विविध कार्यक्रमबाट शीर्षकबाट रु.५,०००।-, ५ नं. वडा कार्यालयको सि.नं. १८८ को विविध तथा भैपरी आउने खर्च शीर्षकबाट रु.२,०००।-, १५ नं. वडा कार्यालयको सि.नं. ३६६ को कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च शीर्षकबाट रु.३,०००।– भुक्तानी उपलब्ध गराउने ।

१४. नगर कार्यपालिकाको बैठक संख्या ४० को निर्णय नं. १२, मिति २०८०/१२/२२ गतेअनुसार संघीय आयोजना कार्यान्वयन इकाईको सहयोग तथा नगरपालिकाको साझेदारीमा श्री राम माध्यमिक विद्यालयको जग्गामा निर्मित व्यावसायिक भवन (मिनी मार्केट) २५ वर्षका लागि लिजमा सञ्चालन गरी प्राप्त हुने बहाल आम्दानीको ४० प्रतिशत विद्यालय र ६० प्रतिशत नगरपालिका हुने गरी भएको पूर्व सम्झौता रहेकोमा, विद्यालयको पत्र संख्या २०८२/८३, च.नं. १६६, मिति २०८३/०३/०१ गतेको अनुरोध तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०२/३० गतेको निर्णयसमेतका आधारमा उक्त विद्यालयले सीमान्तकृत चिडिमार तथा राजी समुदायका बालबालिकालाई कक्षा १ देखि १२ सम्म निःशुल्क शिक्षा प्रदान गर्ने तथा विद्यालयको गुरुयोजनाअनुसार आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने भएकाले, पूर्व सम्झौतामा रहेको ४०/६० प्रतिशतको बहाल आम्दानी बाँडफाँट व्यवस्था भएकोमा मिनी मार्केटबाट प्राप्त हुने शतप्रतिशत (१००%) बहाल आम्दानी श्री राम माध्यमिक विद्यालयलाई उपलब्ध गराउने। उक्त आम्दानी विद्यालयको शैक्षिक तथा संस्थागत हित र गुरुयोजनाअनुसार पूर्वाधार विकासमा उपयोग गर्ने व्यवस्था मिलाउन कार्यालयबाट आवश्यक सहजिकरण गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने ।

१५. आ.व. ०८२/०८३ को हिउदे अधिवेशन बाट सि.नं.४३ को वडा नं.२ महेश खतिवडाको घर देखि राम बहादुर थापाको घरदेखि रामबहादुर थापाको घरसम्म सडक स्तरोन्नति शिर्षकको रु.११,००,०००/- बाट बचेको रकमबाट शुशिल कोइराला स्मृति पार्कमा समरसेवल जडानका लागि रु. १,००,०००/- व्यवस्था गर्ने।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल स्थापना : २०७३

नगर कार्यपालिकाको
बैठक संख्या: ७५, २०७९-२०८४
मिति २०८३/०३/०८ को
निर्णय प्रमाणित .........

१६. श्री जनता माध्यमिक विद्यालय, कोहलपुर– ३, मेटहवा, बाँकेको च.नं. १००, मिति २०८३/०२/०४ को प्राप्त पत्रानुसार विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०१/२३ को निर्णयबमोजिम उक्त विद्यालय परिसरमा रहेको जीर्ण अवस्थाको २ (दुई) कोठे टिनले छाएको भवन तथा छात्र– छात्रा शौचालय भत्काउन अनुमति प्रदान गरिदिन अनुरोध भई आएको हुँदा उक्त जीर्ण भवन तथा छात्र– छात्रा शौचालय भत्काउन अनुमति प्रदान गर्ने ।

१७. कोहलपुर नगर स्वास्थ्य शाखाको आयोजनामा सञ्चालित विशेष आँखा शिविर कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि आ.व.२०८२/०८३ कोहलपुर नगरपालिकाको नीति,कार्यक्रम तथा बजेट पुस्तिकाको पेज नं. १८१ सि.नं. ४५८ र ४५९ मा विभिन्न रोगको पहिचान र निदानका लागि स्वास्थ्य शिबिर सञ्चालन कोष स्थापना तथा सञ्चालन कार्यक्रमबाट भुक्तानी हुने गरी रु. ५,७८,६१०।–( पाँच लाख अठहत्तर हजार छ सय दश) व्यवस्था गर्ने ।

१८. कोहलपुर नगरपालिकाको आ.व. ०८२/०८३ को वार्षिक बजेट पुस्तिकाको वडा नं. ११ (वडाको सिलिङ्ग) पेज नं. १६५ सि.नं. २९४ को संशोधित कार्यक्रम शिर्षकबाट रासी सोनारी मिडिया प्रा.ली. सँग भएको सम्झौता बमोजिम सन्देश मुलक सुचना जनहितमा जारी सन्देश प्रकाशन वापत रु. १०,०००।– (दश हजार) भुक्तानी गर्ने ।

१९. वडा नं. १५ को पेडरी नालामा झोलुङ्गेपुल निर्माण योजना उपभोक्ता समिति मार्फत निर्माण हुनेगरि कुल लागत इस्टिमेट अनुसार सम्पन्न हुने गरि सम्झोता गरि हाल उक्त योजनामा प्राप्त संघिय शसर्त अनुदान तर्फको ६,००,०००।– (छ लाख) पेश्कि मार्फत उपभोक्ता समितिलाई भुक्तानी गर्ने ।

२०. कृषि तथा पशुपन्छी ऐन २०८२ तथा कृषि यान्त्रिकरण कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८३ बमोजिम छनौट भएका ९ एच.पि मिनिटिलर(केजहुइल सहित) तर्फका ९३ लाभग्राही , २२ एच.पि पावरटिलर(केजहुइल सहित) तर्फ ६ लाभग्राही,१८ एच.पी पावरटिलर (केजहुइल सहित) तर्फका ३ लाभग्राही , रिपर तर्फ ३ लाभग्राही अनुमोदन गर्दै नगद अनुदान रकम रु ५५,३८,८५४।- सम्बन्धित लाभग्राहीको खातामा निकासा गर्ने ।

२१. आ.ब. २०८२/०८३ को वडा तर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

**वडा नं. १० (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि तथा पशु सम्बन्धी साझेदारी कार्यक्रम(सि.नं. २७२) | चटार टोलमा समरसिबल धारा जडान | १ लाख | २०८३/०३/०१ को निर्णय |
| | | वडा नं. १० को विभिन्न स्थानमा ग्राभेल बिस्तार | १ लाख | |

**वडा नं.१२ (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विपत व्यवस्थापन तर्फ (सि.नं. ३०९) | विभिन्न टोलमा ग्राभेल | १ लाख | २०८३/०२/१ ३ गतेको निर्णय |
| २ | कृषि र सिंचाई(सिंचाई कुलो मर्मत(सि.नं. ३२२) | विभिन्न टोलमा ग्राभेल | ९० हजार | |
| ३ | हेल्प डेस्क कर्मचारी खर्च (सि.नं. ३११) | विभिन्न टोलमा ग्राभेल | ६० हजार | |



मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
स्थापना : २०७१

नगर कार्यपालिकाको
बैठक संख्या: ७५, २०७९-२०८४
मिति २०८३/०३/०८ को
निर्णय प्रमाणित ..........

२२. कोहलपुर नगरपालिका चालु आ.व. २०८२/०८३ मा सञ्चालित योजनाहरुमध्ये वि.सं.२०८३/०१/१९ देखि २०८३/०३/०५ सम्म नगरस्तरीय अनुगमन तथा मूल्याङ्कन समितिबाट अनुगमन सदर तथा भुक्तानी अनुमोदन गर्ने ।

| | अनुगमन भएका आयोजनाको नाम | अनुगमन मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| २. | वडा नं.२ का विभिन्न टोलमा ह्युमपाइप तथा ग्राभेल कार्य | २०८३/०१/१९ | ८१६०४२.८० | |
| ५. | शिवमन्दिर मैटहवा पूर्वाधार निर्माण कोनपा ३ | २०८३/०१/२६ | ५८८८८४.०१ | |
| ७. | कृष्ण मावि कोहलपुर १ र नेराआवि कोहलपुर ७ स्कुल भवन निर्माण | २०८३/०१/३० | १२२८९७८७.५८ | |
| ८. | भगवतिको घरदेखि पश्चिम बाटो स्तरोन्नति कोनपा ११ | २०८३/०१/३१ | ९२७६९५.४७ | |
| ९. | पश्चिम पुरवा टोलमा बाटो स्तरोन्नति कोनपा ९ | २०८३/०२/०८ | ६७४९१६.८७ | |
| ११. | झरकट्टी डुडुवा खोलामा झोलुङ्गे पुल निर्माण कोनपा ८ | २०८३/०२/०८ | २३१६७६८.३० | |
| १४. | वडा कार्यालय बाउन्ड्री वाल निर्माण कोनपा -१५ | २०८३/०२/१० | ४५८५९६.५९ | |
| १७. | बुद्ध चोकदेखि राधाकृष्ण चोकसम्म बाटो स्तरोन्नति कोनपा ६ | २०८३/०२/१५ | २३६६९४.०४ | |
| १८. | भवानीपुर चोकदेखि भवानी मन्दिरसम्म जाने बाटो स्तरोन्नति कोनपा ९ | २०८३/०२/१५ | ६७३३९१.१७ | |
| २०. | चौधरिया गौरी टोलमा नाली सहित आरसिसी बाटो तथा माटो पटान कोनपा १५ | २०८३/०२/१६ | ६८१९२८.३३ | |
| २२. | नेराआवि चौधरिया भवन निर्माण कोनपा १५ | २०८३/०२/१७ | २०३८६५४.४३ | |
| २३. | बबइ टोलमा अधुरो नाली निर्माण कोनपा ९ | २०८३/०२/१८ | १११७९२४.३९ | |
| २४. | सगरमाथा ज्ञानपुञ्ज मावि क्यान्टिन निर्माण र जनचेतना आविको अधुरो भवन निर्माण कोनपा ४ | २०८३/०२/१८ | २०६६८०२.८८ | |
| ३३. | दिपज्योति होस्टेल टोल सडक स्तरोन्नति कोनपा १२ | २०८३/०२/२४ | १०३९८०४.४९ | |
| ३४. | डुडुवा खोला पुन मुखिया टोलमा तटबन्धन निर्माण कोनपा १२ | २०८३/०२/२४ | १४६१७८०.५६ | |
| ३५. | प्याराफिट निर्माण कोनपा २/ १३ विघा | २०८३/०२/२५ | १३९६९००७.४३ | |
| ३६. | नेपाल भुपु सैनिक समिति अधुरो कम्पाउण्ड वाल निर्माण कोनपा ११ | २०८३/०२/२५ | ७४२७८०.५३ | |
| ४४. | लक्ष्मी माविदेखि गौरी डाँडा थिर बहादुरको घरसम्म बाटो स्तरोन्नति कोनपा २ | २०८३/०२/२९ | ४४४६५७.७८ | |
| ४५. | खानेपानी धारा समरसेल जडान कोनपा- ७ | २०८३/०२/२९ | ५५८४९८ | |
| ५५. | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति कोनपा- ९ | २०८३/०३/०४ | ५,२६,६३२.९२ | |
| ५६. | नहर टोल साइनिङ स्टार डाडा गाउ भवानीपुर कोइरालाको घरदेखि वडा नं.१४ को सिमानासम्म माटो पटान तथा ग्राभेल कोनपा- ९ | २०८३/०३/०४ | २८६४८६.३८ | |
| ५८. | गौशालालाई सहयोग वैंकटेश्वर रासीसोनारी- ९ | २०८३/०३/०५ | ४,६०,८००.७१ | |

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत